# नेपाल सरकार

# राष्ट्रिय मर्यादित महिनावारी नीति २०७५

मर्यादित महिनावारी मस्यौदा समिति

विषयसूचि

पृष्ठभुमि ..... 2
समस्या, चुनौती र अवसर ..... 3
समस्याः ..... 3
चुनौतीः ..... 4
अवसरः ..... 5
नीति तर्जुमाका प्रमुख आधारहरु ..... 7
३.१.संवैधानिक आधारः ..... 7
३.२.राष्ट्रिय प्रतिवद्धताः ..... 8
३.३. अन्तर्राष्ट्रिय प्रतिवद्धताः ..... 8
३.४.नेपाल सरकार, विषयगत मन्त्रालयहरुको अग्रसरता : ..... 8
औचित्य ..... 9
यस नीतिको संक्षिप्त नाम र प्रारम्भ ..... 9
दीर्घकालिन सोच ..... 10
ध्येय ..... 10
लक्ष्य ..... 10
उद्देश्य ..... 10
रणनीति ..... 11
नीति कार्यान्वयन व्यवस्था ..... 14
मान्यता ..... 15
नीति परिमार्जन ..... 15
कार्य योजना(Action Plan) ..... 16

## पृष्ठभुमि

जनगणना २०६८ अनुसार नेपालमा कुल जनसंख्याको ४६.७९ प्रतिशत प्रजनन उमेर समुहका महिलाहरु छन्।यस उमेर समुहका हरेक महिलाहरु मासिक रुपमा रजस्वला हुने गर्दछन् । महिनावारी हुनु प्राकृतिक कुरा हो जुन महिलाको प्रजनन् प्रक्रियासँग जोडिएको हुन्छ । महिनावारीका बखत रगत निक्लने क्रम ३ देखि ७ दिनसम्म चल्न सक्छ । महिनावारी एक मासिक चक्र हो जुन सामान्यतया २८ दिनको हुने गर्दछ तरकसै–कसैमा वा कहिलेकाहीँ२१ देखि ३५ दिनको अन्तरमा पनि हुन सक्छ। किशोरीहरू किशोरावस्थामा प्रवेश गरेपछि

महिनावारीसुरू हुन थाल्छ । शारीरिक विकासक्रममा परिवर्तन हुने हर्मोनहरूको कारणले महिनावारी हुने गर्दछ । सामान्यतः ९ देखि १६ बर्षकोउमेर बीच किशोरीहरूमा महिनावारी सुरु भइ ४५ देखि ५० बर्ष उमेर भित्रमा सकिन्छ ।

२१औं शताब्दिको पुर्वार्द्धपार गर्न लागिसक्दा पनि महिनावारीलाई समाजले अझै अन्धविश्वासी एवम् नकारात्मक दृष्टिबाट हेर्ने गरिएकै कारण जनसंख्याको आधा हिस्साले अमर्यादित र असुरक्षित जीवन गुजार्न बाध्य हुनुपरेको अवस्था विद्यमान रहेको छ।

नेपाल सरकारले विभिन्न आयोजना तथा कार्यक्रमहरूद्वारा महिनावारी सम्वन्धीत मुद्दाहरु सम्वोधन गर्न प्रयास गरेता पनि ति प्रयासहरु दिगो हुन सकेका छैनन् । प्रजनन् स्वास्थ्य रणनीति, (सन् १९९८) मा किशोर किशोरीको स्वास्थ्य सम्बन्धमा एक रणनीति बनेको छ जहाँ महिनावारीलाई किशोरी स्वास्थ्यको सामान्य पक्षका रुपमा लिईएको देखिन्छ । जसको अर्थ महिनावारीलाई आजीवन प्रक्रियाको रुपमा लिइएको देखिँदैन, जस अन्तर्गत रजोनिवृत्ति (menopause) र रजस्वलाका अन्य पक्षहरु पर्दछन् ।

बिद्यालय क्षेत्र विकास योजना (२०१६ - २०२३) मा स्वास्थ्य र पोषण शिर्षक अन्तर्गत गोपनियता, महिनावारी र सरसफाइ सुनिश्चित गरेको छ । विद्यालय तहको पाठ्यपुस्तक अन्तर्गत व्यक्तिगत सरसफाइ, किशोरी वयश्कमा हुने शारीरिक परिवर्तन, यौन स्वास्थ्य, महिनावारीको विषयहरुको जानकारी समावेश गरिएको छ, तथापि यसले महिनावारीसँग जोडिएको मानसिक चिन्ता, हैरानी र उत्पिडनका बारेमा खुलेर बोल्न सकेको पाईंदैन । सहभागिता एबम अवसरको सन्दर्भमा लैङ्गिक समताको बारेमा कुरा गरेतापनि महिनावारीको विषय अझै मौन छ ।

यसै परिप्रेक्षमा नेपालको संविधानले हरेक नेपालीलाई स्वच्छ वातावरणमा बाँच्न पाउने लगायत स्वाथ्य सम्बन्धीहकको प्रत्याभुति गरेको छ । त्यसैगरी मुलुकीसंहिता२०७४ले महिनावारी सम्बन्धमा हुने सबै किसिमका भेदभाव छुवाछुत एवम् अमानवीय व्यवहारहरुलाई दण्डनीय बनाएको छ। संबैधानिक प्रत्याभुतिको कार्यान्वयन गर्दै नेपाली महिलाहरुको मर्यादित जिवनयापन एवम् समृद्धि हासिल गर्न सहयोगी वातावरणको सृजना गर्ने ध्येयका साथ नेपालसरकारले यो मर्यादित महिनावारी निति २०७४ तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ।

## समस्या, चुनौती र अवसर

### समस्या:

मानव अधिकार र विकासको परिप्रेक्षबाट हेर्दा नेपालमा मात्र नभइ संसार भरिनै महिनावारीलाई बेवास्ता गरिएको पाइन्छ । नेपालका विभिन्न क्षेत्र, सामाजिक परम्परा, संस्कृतिका आधारमा महिनावारीलाई नकारात्मक धारणा, अन्धविश्वास, छुवाछुतसँग जोडेर महिनावारी भएको किशोरि वा महिला साथै महिनावारीको रगत लाज, भेदभाव, अपवित्र, फोहोर र प्रदूषित मानिदै आएको छ । यस्ता रीतिरिवाज र कुसंस्कारजन्य कुराहरुलाई केलाएर हेर्ने हो भने अझैपनि नेपालका विभिन्न सम्प्रदायमा ४० वटा भन्दा बढी यस्ता कुप्रथाहरु अभ्यासमा छन् ।

प्राचीनकालदेखि नै चलिआएको छुवाछुतको अभ्यास सुदुरपश्चिम र मध्यपश्चिमका पहाडी भेगहरुमा अझै पनि ज्वलन्त रुपमा देखिएतापनि काठमाडौं वा महोत्तरी जस्ता ठाउँहरुमा पनि अदृश्यरुपमा अभ्यास भईरहेका पाईन्छन् जसमा छुवाछुतको अभ्यासबाट पिडितजो कोही किशोरी वा महिलाहरुमा शारीरिक तथा मानसिक समस्याहरु समेत देखा पर्ने गरेको पाईन्छ । संस्कृतिको आड्मा महिलाहरु माथि गरिने यस्ता अमानवीय व्यवहार मानव अधिकारका विरुद्धमा छन् । सुदुरपश्चिमका अधिकांश महिलाहरुलाई रजस्वला भएपछि घरको जग,चुल्हो लगायत पकाइएका खानेकुरा तथा पुजा कोठा छुन नहुने, बस्नका लागि आफु बस्दै आएको घर भन्दा पर गोठमा बस्नुपर्ने, गाई,भैंसीको दुध-दही खानबाटबञ्चित हुनुपर्ने, धार्मिक, सांस्कृतिक कार्यक्रमहरुमा सहभागि हुन नपाउने जस्ता प्रतिबन्धहरु लगाईंदै आईएकोपाईन्छ। रजस्वलाका बखत महिलालाई बस्नका लागि कतै छुट्टै गोठ वा टौवा आदि बनाइएको हुन्छ भने कतै घरको छिंडीमा बस्तु-भाउ सँगै वा सहरी क्षेत्रमा भाडामा बस्नु परेका अवस्थामा कोठाको एक कुनो छुट्याएर बार्ने गरिएको पनि पाईन्छ । गोठमा बस्नुपर्ने बाध्यताकै कारण किशोरी तथा महिलाहरुलाई पौष्टिक आहार, आराम, सरसफाइ, माया-ममता एवम् सर-सहयोगबाट बञ्चित हुनु पर्ने;अध्ययन,रोजगारी एवम् सामाजिक-राजनीतिक अवसरहरूबाट टाढिनुका साथै यस्ता

कुरीति प्रथाहरु कै कारण बलात्कार, हत्या, सर्पदंशलगायत जङ्गली जनावरको शिकार तथा जाडोले कठ्याङ्ग्रिएर ज्यान जाने गरेको स्थिति अझै विद्यमान छ ।

महिला र पुरुषको अस्तित्व जीवको उत्पतिसँगै रहँदै आएको र सृष्टीको निरन्तरताका लागि महिनावारी एक अपरिहार्य प्राकृतिक प्रकृया भएको कुरा अनुभव र विज्ञानले प्रष्ट पारिसकेको अवस्थामा पनि महिनावारीको विषयमा खुलेर संवाद हुन नसक्नु, पर्याप्त मात्रामा अध्ययन-अनुसन्धान हुन नसक्नु तथाठोसनीतिगत प्रवन्धको अभाव आदि कारणले हाल २१औँ शताब्दीमा आइपुग्दा पनि त्यो कुरीतिलाईहटाउन सकिएको छैन । यसलाई हिंसारअपराधका रूपमा हैन बरूअझै पनि संस्कृतिको रुपमा हेरिने क्रम जारी नै छ । हालसम्म महिनावारी सम्बन्धी जति पनि कार्यक्रमहरु आएका छन् ती सबै सरसफाईका मुद्दासँग बढी जोडिएको र मानवअधिकारको पक्षलाई नछोएको पाइन्छ ।

## चुनौती:

क)मर्यादित महिनावारी एक अन्तर्सम्वन्धित र बहुसरोकारको विषय भएको हुँदा संबद्ध सबै सरोकारवालाहरुको समझदारी, समन्वय र सहकार्य सुनिश्चित गर्ने कार्य,

ख)सदियौं देखि धार्मिक, सामाजिक र सांस्कृतिक परम्परामा समेत जरा गाडिसकेको यो महिनावारी सम्बन्धमा विद्यमान अवैज्ञानिक, अमानवीय एवम् अन्धविश्वासपूर्ण कुरितिको तत्काल अन्त गर्ने कार्य,

ग)महिनावारी सम्बन्धमा छुवाछुत एवम् भेदभाव पूर्ण व्यवहार थेर-थोर रुपमा सम्पूर्ण समाजमा व्याप्त रहनुका साथै नितान्त परिवार भित्रको विषय भएको हुँदा लक्षितसमूह, समुदाय वा क्षेत्र किटान गरि कार्यक्रम कसरी संचालन गर्ने भन्ने बिषय,

घ)महिनावारी विषयलाई लज्जा, घृणा र अपवित्रताको विषयका रुपमा हेरिने परम्परा व्याप्त रहेको परिवेशमा मर्यादित महिनावारी अथवा रजस्वलाका बारेमा खुलेर कुरा गर्ने वा मौनता तोड्ने कदम,

ङ)मर्यादित महिनावारीको लागि सहजकारी वातावरण सृजना गर्न आवश्यक पूर्वाधार संरचना एवम् सेवा सुविधाका लागि आवश्यक साधन श्रोत जुटाउने कार्य,

च) महिनावारीको विषयलाई नितान्तस्त्री सम्वन्धी समस्या वा बिषय ठान्ने पुरुषवादी चिन्तनमा तत्काल परिवर्तन ल्याउने कार्य,

छ) अमर्यादित महिनावारी  सम्बन्धी व्यवहारहरु केही हदसम्म गरिबीसँग समेत सम्बन्धीत देखिएको हुँदा सर्व प्रथम गरिबी निवारणको अहम प्रश्न,

ज) नितान्त परिवारिक विषय भएकै कारण अमर्यादित महिनावारीलाई हिंसा वा अपराधका रुपमा हेर्ने तथा यस विषयलाई स्वास्थ्य सम्बन्धीमात्र नभइ मानवअधिकारको विषयका रुपमा हेर्नु अझै चुनौतीकै विषय देखिन्छ।

**अवसर:**

क) मानव अधिकारमुखी संविधान,

ख) महिलाअधिकार एवम् शसक्तिकरणमुखी र समावेशी अन्तर्राष्ट्रिय अभियानहरु ,प्रतिवद्धताहरु एवम् महासन्धिहरु,

ग) “जहाँ नारीको सम्मान हुन्छ, त्यहाँ भगवान पनि रमाऊछन्” (यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः)भन्ने धारणा नेपाली समाजमा रहेको,

घ) नारी र पुरुष जनसंख्याकोशैक्षिकस्त र समानदरमा वृद्धि हुँदै गएको,

ङ) गरिबीको रेखामुनी रहेको जनसंख्याको अनुपात क्रमश: घट्दै गएको तथा मानव विकास सुचाङ्कमा सुधार आउदै गएको,

च) राज्य संयन्त्र समावेशी र कानुनको शासन सुदृढ बन्दै गएको,

छ)अमर्यादित महिनावारी अन्त्यका लागि आवश्यक सहयोग उपलब्ध गराउने सम्बन्धमा अन्तर्राष्ट्रिय समुदायको प्रतिवद्धता एवम् तत्परता,

ज) सन् २०१३ मा काठमाण्डौमा सम्पन्न दक्षिण एसियाली सरसफाइ सम्मेलन (SACOSAN)ले महिनावारीको विषयलाई निम्नानुसार समावेश गरेपछि खानेपानी तथा सरसफाइ मन्त्रालयलेध्यान दिने सोच बनाएको छ ।

(१) सबै सार्वजनिक भवन, विशेष गरि विद्यालय, स्वास्थ्य क्लिनिकहरूमा बालबालिका र अपाङ्ग मैत्री सेवालाई प्राथमिकता र महिनावारी स्वच्छता व्यवस्थापन सम्वन्धी प्रचार।

(२) डिजाइन, वितरण र अनुगमन ।

(३) बच्चा, किशोरी, महिला र अपाङ्ग मैत्री WaSH सुविधाको लागि आवश्यक निर्देशिका बनाइ लागु गर्ने ।

झ) सरसफाइ गुरुयोजना, २०६८ ले हरेक सार्वजनिक स्थलहरुमा लैङ्गिक र अपाङ्ग मैत्री सेवाहरु हुनुपर्ने माग गरेकोछ ।

ञ) महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालयले सर्वोच्च अदालतको फैसलाको आधारमा छाउपडी प्रथा विरुद्ध एउटा निर्देशिका जारी गरेको छ, यद्यपि उक्त निर्देशिकाले मध्य र सुदुर पश्चिमाञ्चलको छाउपडी गोठ लगायत महिनावारीको समग्र मुद्दालाई यथोचित सम्वोधन गर्न सकेको देखिएको छैन ।

ट) महिनावारी हुँदा गरिएको प्रतिवन्ध नै लैङ्गिक असमानताको मुख्य कारण हो भनेर संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद्ले सन् २०१४ मा घोषणा गरेपछि यो एउटा छलफलको विषय बनेको छ, जसका निम्न पक्षहरू रहेका छन्:-

- महिनावारी स्वच्छता व्यवस्थापन
- महिनावारी स्वास्थ्य र व्यवस्थापन
- मर्यादित महिनावारी अधिकार

यद्यपि महिनावारीका यी पक्षहरूले प्रत्यक्ष रुपमा शान्ति, मानव अधिकार एबम् सशक्तिकरणलाई असर गर्ने भएकोले यो सबैको सरोकारको विषय हो । त्यसैले हरेक किशोरी अनि महिलाहरुले महिनावारीलाई मर्यादित तरिकाले व्यवस्थापन गर्न पाउनु पर्दछ भन्ने मान्यता स्थापित भएको छ । मर्यादित महिनावारी मानव अधिकारको त्यस्तो सवाल हो जहाँ महिनावारीलाई प्राकृतिक रुपमा लिइ आधारभुत आवश्यकताका सबै पक्षहरु जस्तै आवास, शिक्षा, पोषण, स्वास्थ्य, कानुनी सुरक्षा, सशक्तिकरण, वातावरण, खानेपानी तथा सरसफाइमा भेदभाव रहित र स्वतन्त्रता पूर्वक स-सम्मान बाँच्न पाउने अवस्था विद्यमान हुन्छ ।

## नीति तर्जुमाका प्रमुख आधारहरु

### ३.१.संवैधानिक आधार:

क)"हामी नेपाली जनता...........स्वाभिमानलाई अक्षुण्ण राखि जनताका सार्वभौम अधिकार.................लाई आत्मसात गर्दै,..............अग्रगामी परिवर्तनका लागि .............. सामन्ती केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनकोअन्त्य गदै, ...... ... सबै प्रकारका विभेद र ...........छुवाछुतको अन्त्य गरि समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागीता मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै, ...... ...नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, ........कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मुल्य र मान्यतामा प्रतिवद्ध रहि समृद्ध राष्ट्र निर्माण गर्न, ... ... ... यो संविधान जारी गर्दैछौं" भन्ने नेपालको संविधानको प्रस्तावनाकै मर्म र भावना रहेको छ ।

ख) सम्मानपूर्वक बाँच्न पाउने, वैयक्तिक स्वतन्त्रता, समानता, न्याय, छुवाछुत तथा भेदभाव मुक्त भई बाँच्न पाउने, स्वच्छ वातावरणमा बाँच्न पाउने, स्वथ्य रहनका लागि स्वच्छ खानेपानी र सरसफाइ सेवामा पहुँचको हक हुने, खाद्यसम्बन्धी हक, आवाससम्बन्धी हक, महिलासम्बन्धी हक, सामाजिक न्यायको हक लगायत संविधानको भाग-३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा१६,१७,१८,२०,२४,३०,३५,३६,३७,४२ कामर्म र भावना हुन् ।

ग) संविधानको भाग -४राज्यका निर्देशिक सिद्धान्त, नीति तथा दायित्व अर्न्तगत धारा ५०निर्देशक सिद्धान्तहरुको खण्ड(१),(२) मा उल्लेखित मर्म र भावना;धारा५१खण्ड (ख),(ग), (ञ) र (झ) मा उल्लेखित मर्म र भावना; धारा ५२, ५३र५४का प्रवन्धहरु एवम् तिनकामर्म र भावना छन् ।

घ) संविधानको धारा ४७मा संविधान प्रदत मौलिकहकहरु कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यको संविधान प्रारम्भ भएको३वर्षभित्र कानुनी व्यवस्था गर्नु पर्ने, आदिजस्ता संवैधानिक प्रवन्धहरुलाई मर्यादित महिनावारी नीति,२०७४ तर्जुमाका आधारका रुपमा लिइएको छ।

### ३.२.राष्ट्रिय प्रतिवद्धता:

सामाजिक न्याय र समानतामा आधारित समाज एवम् लोककल्याणकारी राज्यको निर्माण गर्ने ध्येय अधिकांश प्रमुख राजनैतिक दलहरुका घोषणापत्रमा समेत रहेको र उक्त कुरा नेपालको संविधान-२०७२मा उल्लेख भएको छ।

### ३.३. अन्तर्राष्ट्रिय प्रतिवद्धता:

दिगो विकास लक्ष्य (SDG)२०३० सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रमा हस्ताक्षर गर्ने नेपाल पनि पक्ष राष्ट्र हो। यसको लक्ष्य नं. ६.२ ले विद्यालयमा लैङ्गिक उत्तरदायी शौचालयको बारेमा प्रत्यक्ष बोलेको त छ,तापनि महिनावारी सम्वन्धमा मौन रहेको देखिन्छ, जबकी हाम्रो जस्तो मुलुकमा महिनावारी पनि भोक, गरिबी, स्वास्थ्य र शिक्षा झैँ एक पाटोको रूपमा रहेको छ।

सन् २०३०भित्र दीगो विकासका विश्वव्यापी लक्ष्यहरु प्राप्त गर्न संयुक्त राष्ट्रसंघद्वारा परिलक्षित सबैका लागि सुरक्षित र मर्यादित खानेपानी, सरसफाइ एवम् स्वच्छता, स्वास्थ्य, आवास सुविधा आदिको व्यवस्था गर्नु राज्यको दायित्व बन्न पुगेको छ।मर्यादित महिनावारीको पक्षलाई सहयोग पुर्याउन दीगो विकासका सवै विषय क्षेत्रगत परिलक्ष्यहरु हाँसिल गर्न सम्वद्ध सबै विषय क्षेत्रगत निकाय वा संस्थाहरु र तिनका योजना एवम् कार्यक्रमहरुलाई एकीकृत रुपमा निर्देशित गर्न यो मर्यादित महिनावारी नीतिको आवश्यकता वोध भएको छ।

### ३.४.नेपाल सरकार, विषयगत मन्त्रालयहरुको अग्रसरता :

क) खानेपानी तथा सरसफाइ मन्त्रालयको अगुवाइ र स्वास्थ्य, शिक्षा, महिला बालबालिका एवम् समाज कल्याण जस्ता विषयगत मन्त्रालयहरुको सहभागितामा दुई दिने 'मर्यादित महिनावारी' सम्बन्धमा नीतिगत परामर्श कार्यशालाको आयोजना गरिएको थियो । सो कार्यशालाका सुझावका आधारमा खानेपानी तथा सरसफाइ मन्त्रालयद्वारा सम्वद्ध प्रमुख विषयगत मन्त्रालय, विभाग एवम् अन्य गैरसरकारी संस्थाहरु समेत संलग्न नीति तर्जुमा कार्यदल गठन गरी यो नीति तयार गरिएको छ।

ख) त्यसै गरी खानेपानी तथा सरसफाइ मन्त्रालयको अगुवाइ र बिषयगत मन्त्रालयहरु, विभागहरूलगायत खानेपानी र सरसफाइ क्षेत्रगत सरोकारवालाहरूको सहभागितामा मर्यादित महिनावारी सम्बन्धमा अन्तर्राष्ट्रिय सहजकर्ताहरुद्वारा प्रशिक्षण कार्यक्रमसम्पन्न गरिएको थियो । सो कार्यक्रममाराष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेषज्ञहरूको प्रस्तुतीकरण

एवम् छलफलका कतिपय विषय-वस्तुहरू यस नीतिमा सन्दर्भसामग्रीका रूपमा प्रयोग भएका छन् ।

## औचित्य

महिलाविरुद्ध हुने भेदभाव एवम हिंसाअन्त्य गर्न अन्तर्राष्ट्रिय स्तरमै विभिन्न प्रयासहरु जारी छन् । सन् १९७९ मा महिला विरुद्ध हुने सबै किसिमका भेदभाव तथा हिंसा अन्त्य गर्ने सम्बन्धमा CEDAW महासन्धिनै पारित भई कार्यान्वयनमा रहेको छ ।राष्ट्रिय परिवेशमै पनि महिनावारीलाई महिला विरुद्ध हुने भेदभाव एवम् हिंसाको कारक तत्वमध्ये एक हो भन्ने सम्बन्धमा मतान्तर देखिंदैन र यसलाई सम्वोधन गर्न यथेष्ट कानूनी प्रवन्धहरुपनि भएका छन्। तर पनि नेपाली महिला र किशोरीहरुले महिनावारीकै कारण अपमानित जीवन गुजार्नु परिरहेको अबस्था छ। संवैधानिक एवम कानूनी प्रबन्धहरुले कानूनी उपचार त प्रदान गर्छन् तर तिनको मर्म र आशयलाई अझ प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याउन राज्य लगायत यसका सम्पूर्णअंगहरु स्वस्फूर्त ढंगले कृयाशील बन्नु आवश्यक हुन्छ। बर्तमान् संविधान प्रदत्त हक-अधिकारहरूलाई ब्यबहारमा उतार्न महिनावारी व्यवस्थापन-मैत्री सेवा तथा सुबिधाहरूको प्रबन्ध र महिनावारीसम्बद्ध भेदभाव र हिंसा न्यूनीकरण गर्दै महिला एवं किशोरीहरुको जीवनलाई थप सुरक्षित र मर्यादित तुल्याउन यस नीतिले राज्य लगायत सबै सरोकारवालाहरुलाई कृयाशील बनाउने उद्देश्यका साथ यो नीति तर्जुमा गरि कार्यन्वयनमा ल्याइएको छ।

## यस नीतिको संक्षिप्त नाम र प्रारम्भ

१) यस नीतिको नाम "राष्ट्रिय मर्यादित महिनावारी नीति, २०७४" रहेको छ ।

२) नेपाल सरकार मन्त्रिपरिषद्वाट स्वीकृत भएको मिति देखिनै यो नीति लागू हुने छ ।

## दीर्घकालिन सोच

"मर्यादित महिनावारी"[1]

## ध्येय

यस नीतिले अङ्गिकार गरेको दीर्घकालिन सोच हासिल गर्नका लागि सम्वन्धित सबै तह र क्षेत्रका सरोकारवालाहरुको क्षमता, स्रोत र साधनहरुको अधिकतम परिचालन गर्ने ।

## लक्ष्य

महिनावारी व्यवस्थापनका लागि आधारभूत सेवा र सुविधाहरूको सहज उपलब्धता, पहुँच, पर्याप्तता र प्रयोग सहित महिलाले स्वस्थ, सुरक्षित र सम्मानित जिवनयापन गर्न पाउने अधिकारको प्रत्याभूति गर्ने ।

## उद्देश्य

- महिनावारीको सवाललाई मानव अधिकारको रुपमा स्थापित गर्दै शिक्षा र जनचेतनाको अभिवृद्दि गर्ने।
- महिनावारी सम्वन्धमा समाजमा देखिएको रुढीवादी,कुसंस्कार, कुरीति र अन्धविश्वास सम्वन्धी धारणा र अभ्यासहरुलई निरुत्साहित गर्दै निर्मुल गर्ने ।
- महिनावारी व्यवस्थापनको लागि आधारभूत सेवा, सुविधा, सामाग्रीको उपलब्धता र पहुँच बढाउने ।
- जीवनका सबै चरणहरुमा देखा पर्ने महिनावारी सम्बद्ध तत्कालिन र दिर्घकालीन शारीरिक र मानसिक स्वास्थ्य सम्बन्धी समस्याहरुलाई व्यवस्थापन गर्ने ।

[1] *मर्यादित महिनावारी मानव अधिकारको सवाल हो जहाँ महिनावारीलाई प्राकृतिक रुपमा लिई आधारभुत आवश्यकताका सबै पक्षहरु जस्तै आवास, शिक्षा, पोषण, स्वास्थ्य, कानुनी सुरक्षा, सशक्तिकरण, वातावरण, खानेपानी तथा सरसफाइमा भेदभाव रहित स्वतन्त्र भई स-सम्मान बाँच्न पाउने अवस्था विद्यमान हुनेछ ।*

## रणनीति

| *उद्देश्य* | रणनीति |
|---|---|
| १) महिनावारीको सवाललाई मानव अधिकारको रुपमा स्थापित गर्दै शिक्षा र जनचेतनाको अभिवृद्दि गर्ने । | १.१) विद्यमान क्षेत्रगत नीतिहरु महिनावारी मैत्री हुने गरि परिमार्जन तथा तर्जुमा गरिनेछ । |
| | १.२) औपचारिक, अनौपचारिक शिक्षामा मर्यादित महिनावारीको पक्ष लगायत अपाङ्ग मैत्री सामाग्री समावेश गरिनेछ । |
| | १.३) मर्यादित महिनावारीको अधिकारका लागि गरिने पैरवी तथ्यमा आधारित रहेर गरिनेछ । |
| २)महिनावारी सम्वन्धमा समाजमा देखिएको रुढीवादी,कुसंस्कार, कुरीति र अन्धविश्वास सम्वन्धी धारणा र अभ्यासहरुलई निरुत्साहित गर्दै निर्मुल गर्ने । | २.१) धार्मिक, सामाजिक तथा राजनीतिक अगुवाहरुलाई अधिकतम परिचालन गरिनेछ । |
| | २.२) समुदायलाई सशक्तिकरण गर्दै रुपान्तरित व्यक्ति, समुह र समुदायलाई पहिचान, प्रोत्साहन र परिचालन गरिनेछ । |
| | २.३) कसैले कसैलाई महिनावारीका कारण गरिने विभेद तथा हिंसात्मक क्रियाकलापलाई निरुत्साहित गर्न आवश्यक कानुनको तर्जुमा गरिनेछ साथै समय सापेक्ष परिवर्तन एवम् परिमार्जन समेत गरिनेछ। |
| ३)महिनावारी व्यवस्थापनको लागि आधारभूत सेवा, सुविधा, सामाग्रीको उपलब्धता र पहुँच बढाउने। | ३.१) सार्वजनिक स्थल[2]हरुमा निर्माण गरिने खानेपानी तथा सरसफाइको सेवा तथा सुविधाहरु महिला, अपाङ्ग लगायत अन्य उपयोगकर्ता[3] तथा वातावरण मैत्री हुने गरी निर्माण गरिनेछ। |
| | ३.२) सार्वजनिक स्थलहरुमा रहेका मौजुदा खानेपानी तथा सरसफाइका संरचनाहरुलाई क्रमश उपयोगकर्ता मैत्री हुने गरी स्तरोन्नति गर्दै लगिने छ । |
| | ३.३) महिनावारी व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरुको[4] उचित छनोट गर्न सकिने वातावरण सिर्जना गरिनेछ [i] |

[2] *सार्वजनिक स्थल जस्तै कार्यलय, विधालय,कलेज,स्वास्थ्य संस्था,वस विसौनी,हाट बजार,मेला, धार्मिक तथा मनोरन्जन स्थल आदि*

[3] *शौचालय (न्युनतम चाहिने क्षेत्र, लैङ्गिक मैत्री), पर्याप्त पानी,फोहोर व्यवस्थापनको सुविधा,साबुन,आरामकक्ष*

[4] *पेन्टी, धोएर पुन प्रयोग गर्न सकिने प्याड,डिस्पोजेबल प्याड, मेन, मेन्स्टुअल कप, टेम्पन्स, पेन्टी लाइनर, मेन्स्टुअल पेन्टी, लगौटी*

३.४) महिनावारीमा प्रयोग हुने सामानहरुलाई आधारभुत आवश्यकताका सामाग्रीको रुपमा मान्यता दिई त्यस्ता सामाग्रीहरुको स्थानीय उत्पादन एवम् बजार उपलब्धताको लागि प्रोत्साहित गरिनेछ।

३.५) माथि ३.४)मा उल्लेख भएका सामग्रीहरुमा कर छुट वा अनुदान दिने व्यवस्था समेत मिलाइनेछ ।

| *उद्देश्य* | रणनीति |
|---|---|
| ४)जीवनका सबै चरणहरुमा देखा पर्ने महिनावारी सम्बद्ध तत्कालिन र दिर्घकालीन शारीरिक र मानसिक स्वास्थ्य सम्बन्धी समस्याहरुलाई व्यवस्थापन गर्ने | ४.१) महिनावारी सम्वन्धी शारीरिक र मानसिक स्वास्थ्यलाई[5] सम्वोधन गर्न छुट्टै विशेष कार्यक्रमको बिस्तार गरी थप प्रभावकारी बनाउदै लगिने छ। |
| | ४.२) निजी लगायत हरेक स्वास्थ्य संस्थालाई महिनावारी व्यवस्थापन मैत्री बनाइनेछ। |

*5परामर्श गरिने क्षेत्र : योवन अवस्था, वाल विवाह, डिस्मेनोरियाको समस्यालाई व्यवस्थापन, उच्च तथा अनियमित रक्तस्राव, , दमन, मनोवैज्ञानिक समस्याहरु रजोनिवृत्ति,RTIs, महिनावारी सम्वन्धीत सङक्रमण तथा रोकथाम*

## नीति कार्यान्वयन व्यवस्था

(१) मर्यादित महिनावारी सम्वन्धमा बनेको यो राष्ट्रिय नीति अन्तर्सम्बन्धित बिषय क्षेत्रगत नीतिको रुपमा रहनेछ ।

(२) कानुनी व्यवस्था : यस नीतिको प्रभाबकारी कार्यान्वयनका लागि आवश्यक कानुनको तर्जुमा वा मौजुदा कानुनमा परिमार्जन आवश्यक भए सो समेत गरिनेछ । त्यसैगरी आवश्यक निर्देशिका, कार्यबिधि एवम मापदण्डहरु आदि तर्जुमा गरी लागु गरिने छ ।

(३) संस्थागत व्यबस्था :यस नीतिको कार्यान्वयनको लागि फोकल प्वाइन्टका रुपमा तिनैवटा तह अन्तर्गत खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने निकायहरु तोकिने छन् भने कार्यान्वयनको अनुगमन एवं प्रतिबेदनको अन्तिम जिम्मेवारी तत्-तत् तहका सरकार प्रमुखहरुको हुनेछ । अन्तर्सम्वन्धित विषय भएकाले  सम्बन्धित बिषयगत मन्त्रालय, बिभाग एवम निकायहरुले यस नीतिको कार्यान्वयनमा आ-आफ्नो तहबाट सहयोग पु-याउने छन् ।

(४) अनुगमन तथा मुल्याङ्कन :

१) यस नीतिको कार्यान्वयनको नियमित अनुगमनको जिम्मेवारी निम्नानुसार रहनेछ:-

- केन्द्र स्तरमा खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने मन्त्रालय मार्फत ,
- प्रदेश स्तरमा खानेपानी तथा सरसफाइ हेर्ने मन्त्रालय मार्फत र
- स्थानीय स्तरमा स्थानीय सरकारले गर्नेछ।

हरेक तहका सरकार प्रमुखबाट अनुगमनको वार्षिक स्थिति प्रतिवेदन सार्वजनिक गरिनेछ।

२) यस  नीति कार्यान्वयनको प्रभावकारीताको मूल्यांकन निम्नानुसार गरिनेछ:-

- प्रभाकारीता मूल्याङ्कन केन्द्रीय तहवाट प्रदेश र स्थानीय तहसमेतको समन्वयमा हरेक ५/५ वर्षमा गरिनेछ,

- प्रभावकारिता मूल्याङ्कनका लागि विज्ञ-परामर्शदाता छनौट गरि सम्पादन गरिनेछ,

## मान्यता

यस नीतिको सफल कार्यान्वयन मा देहायका सहजकारी वातावरणको उपलब्धता हुने मान्यता राखिएको छ :-

क) मर्यादित महिनावारीको बिषय अन्तर्सम्बन्धित एवम बहुसरोकारको विषय भएको हुँदा सम्बद्ध सबै सरोकारवालाहरुको स्वस्फुर्त समन्वय, सामञ्जस्य एवम सहकार्य हुनेछ,

ख) आधा आकाश ढाक्ने जनसंख्याको हिस्साको हित प्रवर्द्धनको विषय भएको हुँदा यस नीतिको सफल कार्यान्वयनमा सम्बन्धित सबै तहका सरकारप्रमुखहरुले यथोचित चासो र महत्व दिनेछन्,

ग) यस नितिमा प्रस्तावित कार्ययोजना कार्यान्वयनका लागि आवश्यक साधन र श्रोतको पर्याप्त उपलब्धता हुनेछ ।

उपरोक्त सहजकारी वातावरणको अभाव हुन गएको खण्डमा यस नीतिको प्रभावकारी कार्यान्वयनमा चुनौती खडा हुने देखिन्छ।

## नीति परिमार्जन

क) यस नीति अनुकुल नभएका नीति तथा कानुनहरु सम्बन्धीत निकायले यो नीति अनुकुल हुने गरी परिमार्जन गर्नुपर्नेछ ।

ख) आवधिक प्रभावकारीता मूल्याकंनका आधारमा नीति पुनरावलोकन एवम परिमार्जनको गुञ्जायस देखिएमा सोको अगुवाई सम्बद्ध सरोकारवालाहरु समेतको समन्वय र सहभागीतामा खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने संघीय मन्त्रालयले गर्ने छ ।

## कार्य योजना(Action Plan)

| उद्देश्य | कृयाकलाप | समय सिमा | जिम्मेवारी | परिणाम सूचक |
|---|---|---|---|---|
| १) महिनावारीको सवाललाई मानव अधिकारको रुपमा स्थापित गर्दै शिक्षा र जनचेतनाको अभिवृद्दि गर्ने । | १.१) राष्ट्रिय खानेपानी तथा सरसफाइ नीतिको मस्यौदा महिनावारी मैत्री हुने गरि परिमार्जन गर्ने। | ०७४/०७५ | खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने | महिनावारी मैत्री नीति कार्यन्वयनमा आएको हुने । |
| | १.२)सरसफाइ गुरुयोजना अध्यावधिक गर्दा मर्यादित महिनावारीका पक्षहरु समावेश गर्ने । | ०७४/०७५ | खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने | सरसफाइ गुरुयोजना अध्यावधिक भई कार्यन्वयनमा आएको हुने । |
| | १.३) राष्ट्रिय स्वास्थ्य नीति २०७१ मा महिनावारी अवयवहरु समावेश गरी परिमार्जन गर्ने। | ०७४/०७५ | स्वास्थ्य मन्त्रालय | महिनावारी मैत्री स्वास्थ्य नीति कार्यन्वयनमा आएको हुने । |
| | १.४) राष्ट्रिय शिक्षा नीतिले मर्यादित महिनावारीका पक्षहरु समावेशी रुपमा लागु हुने गरि सरकारी र नीजि विद्यालयहरू एवं अनौपचारिक शिक्षामा समावेश गर्ने गरी परिमार्जन गर्ने । | ०७४/०७५ | शिक्षा मन्त्रालय | अपाङ्ग मैत्री समेत हुने गरि महिनावारी मैत्री शिक्षा नीति कार्यन्वयनमा आएको हुने । |

| | | | | |
|---|---|---|---|---|
| २)महिनावारी सम्वन्धमा समाजमा देखिएको रुढीवादी, कुसंस्कार, कुरीति अन्धविश्वास सम्वन्धी धारणा र अभ्यासहरुलई निरुत्साहित गर्न्दै निर्मुल गर्ने । | २.१)धार्मिक/सामाजिक/राजनीतिक अगुवाहरु, संचारकर्मी आदिलाई लक्षित गर्दै प्रशिक्षक प्रशिक्षणका तालिम निर्देशिका तयार गरी त्यस्ता व्यक्तिहरु स्रोत व्यक्तिका रुपमा प्रयोग गर्ने गरी विभिन्न तहमा तालिमका कार्यक्रमहरु संचालन गर्ने । | ०७४/०७५ देखि निरन्तर | क्षेत्रगत तालिम केन्द्रहरु | प्रभावकारी प्रशिक्षण मार्फत महिनावारी सम्वन्धमा समाजमा देखिएको रुढीवादी र कुसंस्कार/कुरीति अन्धविश्वास सम्वन्धी धारणा र अभ्यासहरु क्रमश निरुत्साहित हुदै निर्मुल भएको हुने । |
| | २.२) संचारगृह तथा संचारकर्मीहरुले महिनावारीको मुद्दालाई सामाजिक उत्तरदायित्व बहन गरी मर्यादित महिनावारी सम्वन्धि जनचेतना तथा जागरणका कार्यक्रमहरु गर्न गराउन प्रोत्साहन गर्ने । | निरन्तर | संचारगृह तथा संचारकर्मी | संचार क्षेत्र मर्यादित महिनावारीमा सचेत, सुसुचित र उत्तरदायी भएको हुने । |
| | २.३) मर्यादित महिनावारी सम्वन्धी विभिन्न किसिमका सचेतनामुलक साथै सकरात्मक धारणा, आनिबानी र अभ्यासमा परिवर्तन गर्ने क्रियाकलापहरु (अभियान, गोष्ठी, कार्यशाला, सम्मेलन, प्रवचन, छलफल, बहस कार्यक्रम आदी) अधिकाधिक प्रयोग गर्ने। | निरन्तर | सबै सरोकारवालाहरु | महिनावारी सम्वन्धी समाजको ज्ञान, धारणा, आनिबानी र अभ्यासमा सकरात्मक परिवर्तन भएको हुने। |
| | २.४) महिनावारीमा सक्रिय योगदान पुर्याएका, रुपान्तरित भएका व्यक्ति, संस्था, समुदायको पहिचान गरी पुरस्कृत गर्ने। | निरन्तर | स्थानीय सरकार | मर्यादित समाज सृजना गर्न योगदान पुगेको हुनेछ । |
| | २.५) महिनावारी सम्वन्धी विभेद र हिंसालाई कसुर मान्ने विद्यमान कानुनमा आवश्यकता अनुसार परिमार्जन गर्दै जाने । | ०७४/०७५ | महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय | उपर्युक्त कानुन कार्यन्वयनमा आएको हुने। |

| | | | | |
|---|---|---|---|---|
| ३)महिनावारी व्यवस्थापनको लागि आधारभुत सेवा तथा सुविधाको उपलब्धता र पहुँच बढाउने। | ३.१)सार्वजनिक स्थलहरुमा निर्माण गरिने खानेपानी तथा सरसफाइको सेवा तथा सुविधाहरु वातावरण तथा उपयोगकर्ता मैत्रीहुने गरी निर्माण गर्ने साथै मौजुदा संरचनाहरुमा समेत वातावरण तथा उपयोगकर्ता मैत्री हुने गरी संरचनाहरुलाई स्तरोन्नती गर्दै लगिने। | क्षेत्रगत विकास योजना अनुसार | खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने मन्त्रालय /सरोकार वालाहरु | बाल,लैङ्गिक, अपाङ्कता तथा वातावरण मैत्री मैत्री खानेपानी र सरसफाइ सेवाहरुको सहज उपलब्धता भएको हुने। |
| | ३.२) महिनावारीमा प्रयोग हुने सामाग्रीहरुको प्रभावकारी सामाजिक वजारिकरण गर्ने ।<br>३.३) स्थानीय स्तरमा समेत महिनावारी उधमशिलताका कार्यक्रमहरु प्रवर्धन गर्ने ।<br>३.४) महिनावारी व्यवस्थोनमा प्रयोग हुने सामाग्रीलाई आधारभुत आवश्यकता सामाग्रीको रुपमा लिइ आवश्यकता अनुसार कर छुट तथा अनुदान उपलब्ध गराइने । | हाल देखि निरन्तर | निजी तथा सार्वजनिक क्षेत्र | सुसूचित छनौटको अवसरको सिर्जना भएको हुने।<br>महिनावारीमा प्रयोग हुने सामाग्रीहरुको सहज र सुपथ उपलब्धता भएको हुने। |
| ४)जीवनका सबै चरणहरुमा देखा पर्ने महिनावारी सम्वद्द तत्कालिन र दिर्घकालीन शारीरिक र मानसिक स्वास्थ्य सम्बन्धी समस्याहरुलाई व्यवस्थापन गर्ने | ४.१) महिनावारी सम्वन्धी शारीरिक र मानसिक स्वास्थ्यलाई सम्वोधन गर्न छुट्टै विशेष कार्यक्रमहरु संचालन गर्ने । | ०७४/७५ देखि निरन्तर | स्वास्थ्य मन्त्रालय | महिनावारी सम्वन्धी शारीरिक र मानसिक स्वास्थ्यमा सुधार आएको हुने । |

| | | | | |
|---|---|---|---|---|
| | ४.२) हरेक स्वास्थ्य संस्थालाई महिनावारी स्वास्थ्य मैत्री[6] बनाउन निम्न कुराहरु गर्नेः<br>• मनोविमर्श तालिम,<br>• तालिम निर्देशिका<br>• महिनावारी व्यवस्थापनका सामाग्रीहरु<br>• मनोविमर्शका लागि आवश्यक गोपनियता व्यवस्थापन<br>• खा.प.स. सुविधा | ७४/७५ देखि निरन्तर | स्वास्थ्य मन्त्रालय | हरेक स्वास्थ्य संस्था महिनावारी मैत्री भएको हुने। |
| ५) अनुसन्धान, विकास तथा अभिलेखन | | निरन्तर | सबै तहका सरकार तथा निकायहरु | समय सान्दर्भिक कार्यक्रमहरु संचालन भएको हुने । |
| ६) अनुगमन, मुल्याङ्कन र प्रतिवेदन<br>– केन्द्र स्तरमा ,<br>– प्रदेश स्तर<br>– स्थानीय स्तर | | निरन्तर | खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने मन्त्रालय र स्थानीय सरकार | मर्यादित महिनावारी नीतिको कार्यान्वयनको प्रभावकारी प्रतिवेदन तथा संप्रेषण भएको हुने । |

[6] *महिनावारी स्वास्थ्य मैत्री, स्वास्थ्य संस्था हुनका लागी महिनावारीका बारेमा बुझेको दक्ष स्वास्थ्य कर्मि, महिनावारी सम्बन्धि मनोसामाजिक परामर्शको व्यवस्था, नियमित तालिमको व्यवस्था, महिनावारी सम्वन्धि सम्पुर्ण जानकारी दिने व्यबस्था जस्तै महिनावारी चक्र सम्वन्धि जानकारी, महिनावारी हुँदा देखिन सक्ने समस्याहरु र त्यसका समाधानहरु स्वास्थ्य संस्थामा उपलब्ध हुने सेवाहरु, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था, विद्यालय र विद्यार्थीहरु (छात्र छात्राहरु) को भूमिका, महिनावारी हुँदा प्रयोग गरिने सामाग्री जस्तै स्थानीय कपडाको प्याड र गर्नुपर्ने सरसफाइ व्यवस्थापन सम्वन्धी जानकारी, व्यक्तिगत सरसफाइ तथा केही स्वास्थ्य आदी बारेमा ध्यान दिनु पर्ने ।*